# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा

पत्र संख्याः २०८१।०८२

सूचना नम्बरः ५८

**नदीजन्य पदार्थहरुको उत्खनन तथा संकलन कानून बमोजिम गर्ने गराउने बारे**

**अन्यन्त जरुरी सूचना !!!**

सूचना प्रकाशन मितिः-२०८१।१२।०३

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार गाउँपालिकाको अधिकारक्षेत्र भित्र पर्ने देहायका क्षेत्र भित्रको नदीजन्य पदार्थहरु ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन तथा संकलनको लागि लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को दफा ७ बमोजिम २ पटकसम्म दरभाउपत्रको सूचना प्रकाशन गरिएकोमा दुबै पटक कसैको पनि दरभाउपत्र प्राप्त नभएकोले सोहि कार्यविधिको दफा ७(६) बमोजिम अमानतबाट उत्खनन तथा संकलन गराउने भनि गाउँकार्यपालिकाबाट निर्णय भईसकेकोले लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम प्राविधिक मूल्यङ्कनका आधारमा यस गाउँपालिकामा राजश्व दाखिला गरी नदीजन्य पदार्थहरुको उत्खनन गर्न गराउनुहुनको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

साथै कोहि कसैले यस सूचनाको अवज्ञा गरी गैरकानूनी प्रक्रियाबाट उत्खनन तथा संकलन गरे गराएमा संकलन गरिएको नदीजन्य पदार्थ गाउँपालिकाले जफत गर्ने र उत्खनन तथा संकलन गर्नेलाई कानून बमोजिम कारबाही हुने कुरा पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

देहायः-

१.बोज्याङ खोला दोमहीदेखि आलिवाङसम्मको दाँया बाँया किनार।

२. लुङ्ग्री खोलाको दोमहीदेखि सुनछहरी झरनासम्मको बाँया क्षेत्र(नदी बग्ने दिशाका आधारमा)

२०८१।१२।३

लेपेन्द्र बहादुर बुढाथोकी

नि. प्रमुख प्रशासकीय अधिकृत

नि० प्रमुख प्रशासकिय अधिकृत